श्री
# सुर्खेत जिल्ला अदालत
## वीरेन्द्रनगर-७, सुर्खेत
(प्रशासन शाखा)

फोन नः ०८३-५२०३३५/०८३-५२०२३५
Email:-
info.dcsurkhet@supremecourt.gov.np

पत्र संख्या :- २०७७/०७८
चलानी नं.:-

---

मितिः-२०७७।०४।२६

**सूचना ।** **सूचना ।।** **सूचना ।।।**

विषयः वैतनिक कानून व्यवसायीको पदपुर्ति सम्बन्धी सूचना ।

यस अदालतका मिति २०७७।५।१६गते देखि वैतनिक कानून व्यवसायीको म्याद समाप्त हुन लागेकोले उक्त रिक्त हुने वैतनिक कानून व्यवसायी पदमा जिल्ला अदालत नियमावली,०७५ को नियम १०१ बमोजिम स्वस्थ प्रतिस्पर्धाका आधारमा नियुक्ति गर्नुपर्ने भएकाले निम्न सेवा सर्तमा रहन चाहने योग्यता पुगेका इच्छुक कानून व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (पन्ध्र) दिनभित्र आफुले प्राप्त गरेको कानून व्यवसायीको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा निवेदन दस्तुर वापतको रु. १०।– को रसिद साथै राखी यस अदालतमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. पदः- वैतनिक अधिवक्ता २. संख्याः- १ (एक)

३.मासिक तलवः- रा.प.तृतिया श्रेणीको अधिकृतले पाउने न्युनतम मासिक पारिश्रमिक (शुरु स्केल)

४. योग्यताः- अधिवक्ताको प्रमाणपत्र लिई कम्तिमा २ वर्षको अनुभव प्राप्त गरेको ।

५. सेवाका शर्तः- जिल्ला अदालत नियमावली २०७५ को नियम १०३ मा उल्लेख भए बमोजिम हुनेछ । वैतनिक कानून व्यवसायीले कार्यालय समयमा नियमित उपस्थित भई काम गर्नुपर्ने र कार्यालयको समयमा निःशुल्क कानून व्यवसायबाहेक अन्य कार्यमा व्यस्त हुन नहुने ।

६. सम्पर्क मितिः- २०७७।५।१० गते ।

७. परिक्षाको किसिमः- अन्तरवार्ता । ८. अन्तरवार्ताको मितिः- सम्पर्क मितिमा निर्धारण गरिने छ ।

९. काम गर्नुपर्ने स्थानः-सुर्खेत जिल्ला अदालत सुर्खेत, जिल्लास्थित न्यायिक समिति तथा अर्धन्यायिक निकायहरु समेत ।

१०. गर्नुपर्ने कामः- जिल्ला अदालत नियमावली, २०७५ को नियम १०२ बमोजिमका कामहरु, यस अदालतले तयार गरेको आ.ब. २०७७/०७८ को वार्षिक कार्ययोजना बमोजिम जिल्ला स्थित कारागार कार्यालयमा रहेका असहाय र आर्थिक रुपमा बिपन्न, थुनुवा तथा कैदीहरुले निःशुल्क कानूनी सेवा प्रदान गर्न सो स्थानमा गई कानूनी सेवा उपलब्ध गराउनु पर्ने र वैतनिक कानून व्यवसायीलाई प्रभावकारी बनाउने सम्बन्धमा गर्नुपर्ने विभिन्न कामहरुसमेत ।

यमप्रसाद बाँसकोटा
(स्रेस्तेदार उपसचिव)
स्रेस्तेदार
(उप-सचिव)